# जिल्ला समन्वय समितिको कार्यालय

## धनगढी, कैलाली

सुदूरपश्चिम प्रदेश नेपाल

प.स.:- ०७५/०७६
च.नं.:- १११५

मिति:- २०७६/०२/१३

विषय :- १२औं गणतन्त्र दिवस मनाउन सहभागिता सम्बन्धमा ।

श्री उप म.न.पा. न.पा. गा.पा.हरु
सबै, कैलाली ।

उपरोक्त सम्वन्धमा आन्तरिक मामिला तथा कानुन मन्त्रालय सु.प.प्रदेश धनगढी,कैलालीको च.न.१०४४ मिति २०७६।०२।१० को प्राप्त पत्रानुसार यस जिल्ला भित्र का उप.न.पा.,न.पा. र गा.पा.समेत लाई मिति २०७६।०२।१४,१५र १६ गते सबै सरकारी कार्यालयहरुमा साँझ दिपावली गर्ने र मिति २०७६।०२।१५ गतेका दिन बिहान ७.०० बजे चौराहा धनगढीबाट प्रभातफेरी र्याली प्रारम्भ गरी समाजिक मन्त्रालय,कभर्डहल हुँदै आन्तरिक मामिला तथा कानून मन्त्रालयको प्राङ्गणमा सभा संचालन गर्ने निर्णय भएको हुदा पत्रको छायाँ प्रति यसै पत्र साथ संलग्न राखि १२औं गणतन्त्र दिवस मनाउन प्राप्त पत्रानुसार अनुरोध गरिन्छ ।

०७६।२।१२

वीर बहादुर शाही
जिल्ला समन्वय अधिकारी

सञ्चालन गर्न ९ वटै जि.स.स.का प्रमुखहरु जिल्ला स्थित सबै उ.म.न.पा./न.पा/गा.पा. समेतलाई अनुरोध गर्ने।

निर्णय नं. ४

जिल्ला स्थित संघिय कार्यालयहरुलाई जिल्ला प्रशासन कार्यालयहरुले जानकारी गराउने र प्रदेश सरकार मातहतका कार्यालयहरुलाई आन्तरिक मामिला तथा कानून मन्त्रालयले जानकारी गराउने।

निर्णय नं. ५

मिति २०७६।०२।१५ गतेका दिन बिहान ७.३० बजेको र्‍यालीमा नेपाली सेना, सशस्त्र प्रहरी तथा नेपाल प्रहरी ब्याण्डबाजा सहित उपस्थित हुने, सरकारी कार्यालयका कर्मचारी औपचारीक पोशाकमा उपस्थित हुने, स्कुल/क्याम्पसमा पत्राचार गरी विद्यार्थीको उपस्थिति गराउने तथा खेलाडी, साहित्यकार, पत्रकार, नागरिक समाज लगायतका अन्य जनसमुदाय उपस्थित गराउन सम्वन्धित निकायहरुमा जानकारि गराउने ।

निर्णय नं. ६

मिति २०७६/०२/१४ गते बिहान ७.३० बजे माननीय मुख्यमन्त्रीज्यूको नेतृत्वमा प्रदेश सरकारका मन्त्रीहरु, प्रदेश सचिवहरु, कैलाली जिल्लाका प्रमुख जिल्ला अधिकारी र प्रदेश स्थित सुरक्षा निकायका प्रमुखहरुको सहभागितामा सेती अञ्चल अस्पताल, धनगढी कैलालीको हाताभित्र सरसफाई गर्ने ।

मिति २०७६।०२।१५ गते कार्यक्रम सम्पन्न भए पश्चात सेती अञ्चल अस्पतालका बिरामीहरुको लागी फलफुल वितरण गर्ने व्यवस्था गर्ने ।

निर्णय नं. ७

मिति २०७६।०२।१४ गते आ-आफ्नो मन्त्रालय/कार्यालयको प्राङगण सरसफाई गर्ने गराउने। मिति २०७६।०२।१५ गते खेलकुद, प्रवचनगोष्ठी, साहित्यिक गोष्ठी, सांस्कृतिक कार्यक्रम र विभिन्न झाँकी र प्रर्दशनीको व्यवस्थापनका लागि सामाजिक विकास मन्त्रालयलाई जिम्मा दिने।

प्रदेश सचिव

निर्णय नं. १

माननीय मुख्यमन्त्रीज्यूको अध्यक्षतामा देहाय बमोजिमका महानुभाव/पदाधिकारीहरु सदस्य रहने गरी २७१ सदस्यीय"१२ औं गणतन्त्र दिवस प्रदेश स्तरीय मूल समारोह समिति २०७६" गठन गरियो ।

प्रदेश स्तरिय मुल समारोह समिति गठन

- अध्यक्ष:- माननीय मुख्यमन्त्री
- सदस्य:- प्रदेश सभाका माननीय सभामुख
- सदस्य:- माननीय मन्त्रीहरु
- सदस्य:-प्रदेश सभाका माननीय उपसभामुख एवं सदस्यहरु
- सदस्य:- सु.प. प्रदेशका सवै (९) जि.स.स.का प्रमुख
- सदस्य:- प्रदेश प्रमुख सचिव
- सदस्य:-सु.प. प्रदेशका उ.प.म.न.पा.का प्रमुख
- सदस्य:- प्रदेश मुख्य न्यायाधिवक्ताज्यू
- न.पा./गा.पा.का प्रमुख/उ.प.म.न.पा.का उपप्रमुख
- सदस्य:- प्रदेश सरकारका सचिवहरु
- सदस्य:- सु.प. प्रदेशका सवै (९) वटै प्र.जि.अ. हरु
- सदस्य:- नेपाली सेना/नेपाल प्रहरी/सशस्त्र प्रहरी बल/राष्ट्रिय अनुसन्धान विभागका प्रदेश प्रमुखहरु
- सदस्य:- प्रदेश स्तरिय राजनैतिक दलका प्रमुखहरु
- सदस्य:- प्रदेश स्तरिय नेपाल पत्रकार महासंघ, उद्योग वाणिज्य संघ, निर्माण व्यवसायी संघ, नागरिक समाज, रेडक्रस लगायतका संघ संस्थाका प्रमुखहरु
- सदस्य सचिव:- सचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय।

निर्णय नं. २

२०७६।०२।१५ गतेका दिन बिहान ७.०० बजे चौराहाबाट प्रभातफेरी/र्‍याली प्रारम्भ गरी सामाजिक विकास मन्त्रालय कभर्डहल हुँदै आन्तरिक मामिला तथा कानून मन्त्रालयको प्राङ्गणमा सभा सञ्चालन गर्ने।

निर्णय नं. ३

मिति २०७६/०२/१४, १५ र १६ गते प्रदेश स्थित ९ वटै जिल्लाका सवै कार्यालयहरुमा साँझ दिपावली सहितको कार्यक्रम सञ्चालन गर्ने र मूल समारोह समितिको मूल कार्यक्रमका साथै अन्य उपयुक्त कार्यक्रम

प्रदेश सचिव